६१४५५

नेपाल-चीन-सीमा
को
सन्धि पत्र
२०१८

श्री मदन पुरस्कार पुस्तकालय,
नेपाल चीन सीमा सन्धि

मदन पुरस्कार पुस्तकालय

# नेपाल अधिराज्य र जनवादी गणतन्त्र चीन

# को

# बीच भएको सिमानाको सन्धिपत्र

नेपाल अधिराज्यका श्री ५ महाराजाधिराज तथा जनवादी गणतन्त्र चीनका राष्ट्रपतिबाट

नेपाल र चीनको सिमाना सम्बन्धि प्रश्नको औपचारिक समाधान दुई देशको जनताका मौलिक हितको निम्ति हो भन्ने कुरामा मतैक्य भएको हुनाले,

दुई देशको बीच कूटनैतिक सम्वन्ध स्थापना भए देखि दुई देशको बीचको लामो मैत्रीपूर्ण सम्बन्ध उत्तरोत्तर वृद्धि हुंदै गएको छ, तथा दुबै पक्षले शान्तिपूर्ण सह-अस्तित्वको पांच सिद्धान्तको आधारमा एवं न्याय, औचित्य, आपसी ज्ञान र आपसी सहयोगको भावनामा दुई देशको सिमाना सम्बन्धि प्रश्न मैत्रीपूर्ण छलफल द्वारा निर्विघ्नतापूर्वक संपूर्णतया समाधान गरेको छ भनी संतोषपूर्वक अवगत गरिएको हुनाले,

दुई देशको बीचको संपूर्ण सिमानाको औपचारिक रेखांकनले र शान्ति एवं मैत्रीको सिमानाको रूपमा यसको दृढीकरणले नेपाल र चीनको मैत्रीपूर्ण सम्वन्ध झन बलियो गर्ने स्तंभको मात्र काम गर्दैन कि यी कार्य एशियामा र विश्वमा शान्ति प्रवल वनाउने दिशातर्फ एक देन पनि हुन् भन्ने दृढ विश्वास भएको हुनाले,

यो उद्देश्य पूर्तिको लागी श्री ५ को सरकार नेपाल र जनवादी गणतन्त्र चीन सरकारको बीच सीमा सम्बन्धि विषयमा भएको मार्च २१,१९६० को संझौताको आधारमा वर्तमान सन्धिपत्र गर्ने संकल्प गरी देहाए बमोजिम गर्न मंजूर गर्दछन्।

## दफा एक

सन्धिपत्र गर्ने दुवै पक्षले, परंपरागत प्रचलित सीमारेखाको आधार मानेर, तथा संयुक्त रूपमा आवश्यक स्थानीय निरीक्षण एवं सर्वेक्षण सम्पन्न गरेर समानता, आपसी हित, मित्रता र आपसी सहयोगको सिद्धान्तको आधारमा कुनै हेरफेर गरी पश्चिम देखि पूर्वतक संपूर्ण सिमानाको देहाएको रेखांकनलाई मंजूर गरेका छन्। रेखाको दक्षिणतर्फ नेपाली क्षेत्र र उत्तर तर्फ चिनीया क्षेत्र हुनेछ।

(१) नेपाल चीन सीमारेखा काली नदी र टिंकर नदीको पानी ढलो तथा कर्णाली (मापचू) नदीका सहायक नदीहरू र टिंकर नदीको पानी ढलो सम्मिलित भएको स्थानबाट प्रारंभ हुन्छ, त्यहांबाट यो दक्षिण पूर्वतर्फ कर्णाली (मापचू) नदीका सहायक नदीहरू तथा टिंकर नदी र सेतीं नदीका पानी ढलो हुंदै लिपुधुरा (न्यूमा-चिसा) हिमालको श्रृंखला र लिपुधुरा (टिंकरलिपु) भंज्याङवाट गुज्री उराई (पेल्हिन) भंज्याङतक जान्छ।

(२) उराई (पेल्हिन) भंज्याङबाट सीमारेखा दक्षिण पूर्वतर्फ करीव ५०० मिटर तक पहाडी श्रृंखला भै गुज्रन्छ, त्यसपछि ५६५५ मिटरको उचाई तक उत्तर पूर्व तर्फ जान्छ, त्यहांबाट उत्तर पश्चिमतर्फ पहाडी श्रृंखला हुंदै ठाडो ढुङ्गा टुप्पा (टोजाङ) तक क्रमशः जान्छ, त्यसपछि उत्तर पूर्वतर्फ ५५८०.६ मिटरको उचाईवाट गुज्रदै चिमाला भंज्याङतक जान्छ, त्यहांबाट यो चिमाला हुंदै नुमोचे टुप्पा (लुङमोचेको) तक साधारणतः उत्तर पश्चिम तर्फ जान्छ, त्यहांवाट सीमारेखा किटको टुप्पा (पेमोवोटुङको) बाट गुज्री साधारणतः



मदन पुरस्कार पुस्तकालय

पूर्वतर्फ जान्छ र त्यसपछि किटको (चोकरटुङ) पहाडको धार हुंदै तलतिर यादांग्रे (चिलुंपा) खोलातक झर्छ, त्यसपछि यो यादांग्रे (चिलुंपा) खोलै खोला गुज्री उत्तर तर्फ यसको कर्णाली (मापचू) नदीसितको दोभानतक जान्छ, त्यसपछि यो कर्णाली (मापचू) नदीको खोलै खोला गुज्री हिल्सा (युशा) तक साधारणतः पूर्वतर्फ जान्छ। हिल्सा (युशा) मा सीमारेखा कर्णाली (मापचू) नदीबाट पृथक् हुन्छ र उत्तर पूर्वतर्फ पहाडको धारबाट गुज्रदै टाकुले (चियालोसा) तक जान्छ, त्यसपछि कुमालापचे (कुमालाट्से), घान बोछेको (कांगपा उचेको) र मानेपामंगो (मैनिपेमिको) बाट गुज्री कांगर्जे (कांगकोना) तक पहाडी श्रृंखला भै जान्छ, त्यसपछि काण्डुम्बु (कांगचुपेङ) र ६५५० मिटरको उचाईबाट गुज्री नालाकंकर तक उत्तर तर्फ जान्छ।

(३) नालाकंकरबाट सीमारेखा मानसरोवरमा बग्ने सहायक नदीहरू तथा हुम्ला कर्णाली नदीका सहायक नदीहरूको पानी ढलो हुँदै नालाकंकर भंज्याङबाट गुज्री लाप्चे (लाट्सेला) भंज्याङ तक साधारणत : उत्तरपूर्व तर्फ जान्छ, त्यहाँबाट यो मानसरोवरमा बग्ने सहायक नदीहरू र माचुग्रान नदीका सहायक नदी हरू तथा हुम्ला कर्णाली नदी, मुगु कर्णाली नदी र पाँजाङ खोलाका सहायक नदीहरूका पानी ढलो हुँदै चाङग्ला पहाड, नाम्जा भंज्याङ, थौ (खुङ) भंज्याङ र मारिम भंज्याङबाट गुज्री पिन्डु भंज्याङतक साधारणत : दक्षिण पूर्व तर्फ जान्छ, त्यसपछि यो दक्षिण पूर्वतर्फ माचुग्रान नदीका सहायक नदीहरू तथा बार्बुङ नदी र काली गण्डकी नदीका सहायक नदीहरूको पानी ढलो हुंदै ६२१४.१ मिटरको उचाईतक उत्तर पूर्वतर्फ क्रमशः मोडिदै जान्छ।

(४) ६२१४.१ मिटरको उचाईबाट सीमारेखा उत्तर पूर्वतर्फ पहाडको धार हुंदै ५०२५ मिटरको उचाईबाट गुज्री तथा ग्रांगारछु (ग्रांगारचुवो) खोलाबाट पार हुंदै ५०२९ मिटरको उचाईतक जान्छ, त्यहांबाट यो थुक्चू (टुचु) पहाड को धार हुंदै ४७३० मिटरको उचाई र पांगल्हाम (वुंगला) बाट गुज्री टिङग्लीभोढो ढिस्कोको उत्तर पश्चिमको हदको फेदितक साधारणतः पूर्वतर्फ जान्छ, त्यसपछि उत्तर पूर्वतर्फ मोडिन्छ र ह्रमारछुसु (रोमाचुस्वी) वर्षे खोलाको दक्षिण किनारबाट गुज्री टिङग्लीभोढो ढिस्कोको उत्तर पूर्वको हदको फेदितक जान्छ, त्यहांबाट दक्षिण पूर्वतर्फ मोडिन्छ, उत्तर तर्फ बग्ने दुई वर्षे खोलाहरूको दोभान पार गर्छ र उत्तरतर्फ बग्ने तीन वर्षे खोलाहरूको दोभान तक जान्छ र त्यसपछि उपर्युक्त तीन वर्षे खोलाहरूको पूर्विय खोलै खोला उक्ली ४६९७.९ मिटरको उचाईतक जान्छ, त्यसपछि वर्षे खोला पार गरी ४६०५.८ मिटरको उचाईतक दक्षिण पश्चिम तर्फ मोडिन्छ, त्यहांबाट यो फुंफुला (पेंग पेंगला) बाट र त्यसपछि ४६७६.६ मिटरको उचाई र ४७५४.९ मिटरको उचाईबाट गुज्री ४७९८.६ मिटरको उचाई तक छुको मापोज (चुकोमाबोरी) पहाडी श्रृंखला हुंदै साधारणत : दक्षिण पूर्वतर्फ जान्छ, त्यहांबाट सियाबालाबाट गुज्री उत्तर पूर्व तर्फ पहाडी श्रृंखला हुंदै जान्छ, त्यसपछि ५०४४.१ मिटरको उचाईबाट गुज्री चाक्लोतक साधारणतः पूर्वतर्फ जान्छ।

(५) चाक्लोबाट सीमारेखा यालु साङ्पो नदीका सहायक नदीहरू तथा काली गण्डकी नदीका सहायक नदीहरूको पानी ढलो हुंदै ६७२४ मिटरको उचाईबाट गुज्री लुगुला भंज्याङतक साधारणतः दक्षिणतर्फ जान्छ, त्यहांबाट यो लुगुला हिमाल एवं यालुसाङ्पो नदीका सहायक नदीहरू तथा मर्स्याङदी नदीका सहायक नदीहरूको पानी ढलो हुंदै ग्याला (ग्या) भंज्याङतक साधारणतः पूर्वतर्फ जान्छ।

(६) ग्याला (ग्या) भंज्याङबाट सीमारेखा पहाडी श्रृंखला हुंदै ५७८२ मिटरको उचाईतक पूर्वतर्फ जान्छ, त्यसपछि लाजिङ भंज्याङतक दक्षिण पूर्वतर्फ जान्छ, त्यसपछि यो लाजिङ पहाडको श्रृंखला हुंदै ५४४२

मिटरको उचाई र लाउयुङ्ग (लाचोंग) भंज्याङबाट गुज्री ५२३६ मिटरको उचाईतक जान्छ, त्यसपछि साम्डो हिमालतक दक्षिण पश्चिमतर्फ मोडिन्छ, त्यहांबाट साधारणतः दक्षिण पूर्वतर्फ जान्छ र क्रमशः ६१३६ मिटरको उचाईबाट गुज्री ५४६४ मिटरको उचाईतक लाजिङ पहाडको श्रृंखला हुंदै जान्छ र त्यसपछि तोम (डोगार) नदी सीधा पार गरी ५७२४ मिटरको उचाईतक जान्छ, त्यहांबाट सीमा रेखा साधारणतः उत्तर पूर्वतर्फ हिमालयको श्रृंखला हुंदै ६०१० मिटरको उचाई, ५३६० मिटरको उचाई र ५६७२ मिटरको उचाईबाट गुज्री थाप्ले भंज्याङतक जान्छ।

(७) थाप्ले भंज्याङबाट सीमारेखा पहाडी श्रृंखला हुंदै सारीयाङकांग हिमालबाट गुज्री खोजानतक साधारणतः उत्तर पूर्वतर्फ जान्छ, त्यहांबाट यो हिमालयको श्रृंखला हुंदै मैलाट् साचिङ भंज्याङ, पाशुवो हिमाल र लाङपो हिमालबाट गुज्री यांग्रा (याग्रेनकांग्री) हिमालतक साधारणतः दक्षिण तर्फ जान्छ।

(८) यांग्रा (यांग्रेन कांग्री) हिमालबाट सीमारेखा दक्षिणतर्फ पहाडी श्रृंखला हुंदै सालासुंगोतक जान्छ र त्यसपछि साधारणतः पूर्वतर्फ र त्यसपछि उत्तर पूर्वतर्फ सुख्खा खोलाको धारबाट गुज्रन्छ र सांजेन (सांजिङ) नदीतक पुग्न केरावास (जिरापो) हुंदै गुज्रन्छ, त्यसपछि त्यस खोलै खोला गुज्री दक्षिण पूर्वतर्फ त्यस नदी र भ्रांगे (चांसे) नदीको दोभानबाट गुज्रन्छ र सांजेन (सांजिङ) नदीको खोलै खोला गुज्री पाङस्युङ (गेंजुम्मा) खर्कको दक्षिण तर्फ र छहरे खर्कको उत्तर तर्फको सानु पहाडको धार सांजेन (सांजिङ) नदीसित सम्मिलित हुने स्थानतक जान्छ, र त्यसपछि यो उक्त सानु पहाडको धारबाट गुज्री पूर्वतर्फ जान्छ, र त्यसपछि ४६५६.४ मिटरको उचाईतक दक्षिण पूर्वतर्फ जान्छ, र त्यसपछि कालो टुप्पातक पूर्वतर्फ जान्छ, त्यहांबाट यो भुर्लुङ खोला र खेसाधाङ (टांगसियाका) खोलाको दोभानतक पहाडी श्रृंखलाबाट गुज्रन्छ, त्यसपछि भुर्लुङ खोलै खोला गुज्री यसको र केरूङ खोलाको दोभानतक पूर्वतर्फ जान्छ, त्यहांबाट दक्षिण तर्फ र त्यसपछि पूर्वतर्फ केरूङ खोलै खोला गुज्री यसको र लेण्डे (टुङलिङसाङपो) खोलाको दोभानतक जान्छ, त्यसपछि रसुवा पूल बाट गुज्री लेण्डे (टुङलिङ साङपो) खोला उक्ली लेण्डे (टुङलिङ साङपो) र जम्बु (गोवासियाचू) खोलाको दोभानतक उत्तर पूर्वतर्फ जान्छ, त्यसपछि जम्बु (गोवासियाचू) खोलै खोला उक्ली उपल्लो जम्बु (गोवासियाचू) खोलाका दुई सहायक नदीहरू चुसुम्डो साङपो नदी र फुरिफुसाङपो नदीको दोभानबाट गुज्री चुसुम्डोमा रहेको सिमास्तंभको स्थानतक पुग्न पूर्वतर्फ मोडिन्छ।

(९) चुसुम्डोमा रहेको सीमास्तंभको स्थानबाट सीमारेखा साधारणतः दक्षिण पूर्वतर्फ सेतो पोखरीको (सोगा-कांग्री) हिमाल, लाङटाङ हिमाल, दोर्ले पहाड र फुर्बोच्याचु (गुलिन्चिन्) पहाडको श्रृंखलाबाट गुज्री खराने (चकेसुमु) पहाडतक जान्छ, त्यहाँबाट खराने (चांगनिवाचु) खोलातक झर्छ र त्यसपछि त्यो खोलै खोला गुज्री दक्षिण तर्फ यसको र भोटेकोशी (भोचू) नदीको दोभानतक जान्छ, र त्यसपछि दक्षिण तर्फ भोटेकोशी (भोचू) नदी खोलै खोला गुज्री भैंसे (दलैमा) पूलबाट गुज्री भोटेकोशी (भोचू) नदी र जुम (जुन्चु) नदीको दोभानतक जान्छ, त्यहांबाट पूर्वतर्फ जुम (जुन्चू) खोलै खोला उक्ली जुम खोलाको शिरको टुप्पा (साजे पहाड) तक जान्छ, त्यहांबाट सीमा रेखा साधारणतः उत्तर तर्फ ६२०८.८ मिटरको उचाई (चोमो पामरी) तक पहाडी श्रृंखलाबाट गुज्रन्छ।

(१०) ६२०८.८ मिटरको उचाई (चोमो पामरी) बाट सीमारेखा साधारणतः उत्तरतर्फ पहाडी श्रृंखलाबाट गुज्री ५९१४.८ मिटरको उचाई तक जान्छ, त्यसपछि साधारणत : उत्तर पूर्वतर्फ सुदेमो (सोन्डेमोकांग्री) हिमाल

हुंदै ५१४८ मिटरको उचाई बाट गुज्रन्छ र त्यसपछि सुङ्गदेमु (सोन्डेमोचु) खोलाका दुईटा सहायक नदीहरू पार गरी उक्त दुई सहायक नदीहरूको मध्यमा रहेको मुडेमो (सोन्डेमो) बाट गुज्री ग्यान बयान तक जान्छ, त्यसपछि यो ग्यान बयान पहाडी श्रृंखला हुंदै तलतिर झरी लाप्चे (पिनभू साङ्पो) नदीको पश्चिमी सहायक नदी पार गर्छ, र त्यसपछि कोर्लाङ पारीको टिप्पा (सेबोवोरी) मा ५३७०.५ मिटरको उचाई तक पहाडी श्रृंखला हुंदै जान्छ, त्यहांबाट सीमारेखा दक्षिण पूर्वतर्फ पहाडी श्रृंखला हुंदै तलतिर मोडिन्छ, लापचे (लापचे खुङसाङ्पो) नदीको पूर्विय सहायक नदी पार गर्छ, त्यसपछि यो ५३९७.२ मिटरको उचाईतक पिदिन् (बिदिन कांग्री) हिमालको श्रृंखला हुंदै गुज्रन्छ, त्यहांबाट सीमारेखा पश्चिमतर्फ पहाडी श्रृंखलाबाट गुज्री रालिङ (कावोबोरी) मा ५४४४.२ मिटरको उचाईतक मोडिन्छ, त्यसपछि साधारणतः दक्षिण तर्फ रीसीङ गुम्बो (रासुमकुंपो) पहाडको श्रृंखलाबाट गुज्री न्यूले (नेल्हू) पूलतक जान्छ।

(११) न्यूले (नेल्हू) पूलबाट सीमारेखा गौरी शंकर (चेजेन्मा) तक साधारणतः पूर्वतर्फ जान्छ, र त्यसपछि पूर्वतर्फ पहाडी श्रृंखला हुंदै जान्छ र त्यसपछि उत्तरतर्फ रोङस्यार नदी र रोङगबुक नदी तथा दुधकोशी नदीका सहायक नदीहरूको पानी ढलोबाट गुज्री नाङ्पा भंज्याङतक जान्छ र त्यसपछि साधारणतः दक्षिण पूर्वतर्फ पहाडी श्रृंखला हुंदै चोग्रोयु पहाड, निरेलंगुर (पुमोलि पहाड), सगरमाथा (झोलमोलुङमा) र ल्होत्सेबाट गुज्री मकालु पहाडतक जान्छ, त्यसपछि दक्षिण पूर्वतर्फ जान्छ र त्यसपछि पूर्वतर्फ पहाडी श्रृंखला हुंदै पोप्टी भंज्याङ तक जान्छ।

(१२) पोप्टी भंज्याङबाट सीमारेखा पहाडी श्रृंखला हुंदै पूर्वतर्फ केपुडांडा (सागाला) बाट गुज्री खाडे डांडा (खाराला) तक जान्छ, र त्यसपछि साधारणतः उत्तर पूर्व तर्फ ल्हानाकपू (लानापो) र छिपुङ (चेवुम) बाट गुज्री सुम्जुङ (सुन्चुन्चु) नदीको शिरतक जान्छ, त्यसपछि यो सुम्जुङ (सुन्चुन्चु) खोलै खोला गुज्री यसको र किमाथाङकाबाट चेण्टाङतक गएको गोरेटोको दोभानतक जान्छ, त्यसपछि यो गोरेटोबाट गुज्री कामा (कर्मा साङ्पो) नदीको पूलतक जान्छ, त्यहांबाट यो साधारणत: दक्षिण पूर्वतर्फ कामा (कर्मा साङ्पो) नदीको खोलै खोला गुज्री यसको र अरुण (पेन्चू) नदीको दोभानबाट गुज्रन्छ र त्यसपछि अरुण (पेन्चू) नदीको खोलै खोला गुज्री यसको र नादाङ नदीको दोभानतक जान्छ, त्यसपछि यो पश्चिमतर्फ अरुण (पेन्चू) नदीको खोलै खोला क्रमशः गुज्री यसको र छोकाङ (सोकाङ चिङगपो) नदीको दोभान तक जान्छ, त्यसपछि सीमारेखा अरुण (पेन्चू) नदीबाट पृथक हुन्छ र साधारणत: पूर्वतर्फ पहाडी धार हुंदै आङगडे र ताले (दलाई) भंज्याङ बाट गुज्री ताले (दलाईला) पहाडतक जान्छ र त्यसपछि पहाडी श्रृंखला हुंदै डुकान (जुङकान), खाचुन्खा (केजुङकान), रेलिन्बु (रेन्लाङगबु) र सुलुलाबाट गुज्री राखा (रागला) भंज्याङ तक जान्छ।

(१३) राखा (रागला) भंज्याङबाट सीमारेखा साधारणतः पूर्वतर्फ नादाङ नदी र यारू नदीका सहायक नदीहरूको तथा तमोर नदीका सहायक नदीहरूको पानी ढलो हुंदै उम्बक (ओम्बोला) भंज्याङ, टिपताला (थेपुताला) भंज्याङ, कांग्ला (यांङमा खाङला) भंज्याङ र चाबुक्लाबाट गुज्री अन्तिम हदको स्थान, खार नदी तथा चाबुक नदीको पानी ढलो र खार नदी र ल्होनाक नदीको पानी ढलो सम्मिलित हुने स्थान तक जान्छ।

यस दफामा वर्णन गरिए अनुसारको दुई देशको बीचको संपूर्ण सीमारेखांकन वर्तमान सन्धिपत्रमा संलग्न

गरिएको १:५००,००० को संपूर्ण सिमानाको नक्सामा अंकित गरिएकोछ, दुबै पक्षबाट स्थापना गरिएको अस्थायी सीमा स्तम्भहरूको स्थापन तथा सिमानाको खास इलाकाको पूर्ण विवरण युक्त रेखांकन वर्तमान सन्धिपत्रमा संलग्न गरिएको १:५०,००० को ती इलाकाहरूको नक्सामा अंकित गरिएकोछ।

## दफा दुई

संधिपत्र गर्ने दुबै पक्षले सीमारेखा नदीबाट गुज्रिदा मध्यधार रेखा सिमाना हुनेछ भनी मंजुर गरिएको छ । सीमा नदीले आफ्नो बाटो बदलेको खण्डमा दुबै पक्षको बीच अर्को सम्झौता नभएमा सिमानाको मौलिक रेखा यथास्थित रहनेछ।

## दफा तीन

वर्तमान सन्धिपत्रमा हस्ताक्षर सम्पन्न भएपछि दुई देशको सिमाना सम्बन्धि विषयमा दुई पक्षको बीच भएको मार्च २१,१९६० को संझौता अनुसार गठित नेपाल चीन संयुक्त सीमा कमिटीले दुबै देशको सीमारेखामा आवश्यकतानुसार स्थायी सीमा-स्तंभहरू स्थापना गर्नेछ र त्यसपछि सीमारेखा र स्थायी सीमास्तंभहरूको स्थापन देखाइएको पूर्ण बिवरण युक्त नक्सा संलग्न गरिएको संपूर्ण सीमा रेखाको पूर्ण रेखांकन तथा स्थायी सीमा-स्तंभहरूको स्थापनको वर्णन युक्त मूल-लिपिको मसौदा गर्नेछ। उपर्युक्त मूल-लिपि दुई देशका सरकारहरू द्वारा हस्ताक्षर भएपछि वर्तमान सन्धिपत्रको परिशिष्ट हुनेछ तथा पूर्ण बिवरण युक्त नक्सा वर्तमान सन्धिपत्रमा संलग्न गरिएको नक्साहरूको स्थानमा राखिने छ।

उपर्युक्त मूल–लिपिमा हस्ताक्षर भएपछि नेपाल चीन संयुक्त सीमा कमिटीको कर्तव्य अन्त हुनेछ, तथा दुबै पक्षको बीच दुई देशको सिमाना सम्बन्धि विषयमा भएको मार्च २१,१९६० को संझौता लागु हुन छोड्ने छ।

## दफा चार

सन्धिपत्र गर्ने दुबै पक्षले दुई देशको बीचको सिमानाको औपचारिक रेखांकनको पश्चात सीमा-सम्बन्धमा उत्पन्न हुने कुनै पनि विवाद दुबै पक्ष द्वारा मैत्री-पूर्ण छलफलबाट समाधान गरिनेछन् भनी मंजूर गरिएको छ।

## दफा पाँच

वर्तमान सन्धिपत्र हस्ताक्षर भएको दिन देखि लागु हुने छ।

मुकाम पेकिंग विक्रम सम्बत् २०१८ साल अश्विन गते रोज तदनुसार इस्वी सन् १९६१ अक्टोबर तारिखका दिन नेपाली, चीनिया र अंग्रेजी भाषामा प्रत्येकको दुई दुई कापीमा सबै बराबर किसिमले प्रमाणित हुने गरी यो सन्धिपत्रमा हस्ताक्षर गरियो।

| नेपाल अधिराज्यका श्री ५ महाराजाधिराज | जनवादी गणतन्त्र चीनका राष्ट्रपति |
|---|---|
| **महेन्द्र वीर विक्रम शाह देव** | **ल्यू शाओ-चि** |
| (सही) | (सही) |

श्री मदन पुरस्कार पुस्तकालय
नेपाल चीन सीमा कागजात
२०५८/५/२२

# Boundary Treaty Between the Kingdom of Nepal and the People's Republic of China

His Majesty the King of Nepal and the Chairman of the People's Republic of China,

Being of the agreed opinion that a formal settlement of the question of the boundary between Nepal and China is of fundamental interest to the peoples of the two countries;

Noting with satisfaction that the friendly relations of long standing between the two countries have undergone further development since the establishment of diplomatic relations between the two countries and that the two Parties have, in accordance with the Five Principles of Peaceful Co-existence and in a spirit of fairness, reasonableness, mutual understanding and mutual accommodation, smoothly achieved an overall settlement of the boundary question between the two countries through friendly consultations;

Firmly believing that the formal delimitation of the entire boundary between the two countries and its consolidation as a boundary of peace and friendship not only constitute a milestone in the further development of the friendly relations between Nepal and China, but also are a contribution towards strengthening peace in Asia and the world;

Have resolved for this purpose to conclude the present Treaty on the basis of the Agreement Between His Majesty's Government of Nepal and the Government of the People's Republic of China on the Question of the Boundary Between the Two Countries of March 21, 1960 and have agreed upon the following:

### Article I

The Contracting Parties, basing themselves on the traditional customary boundary line and having jointly conducted necessary on-the-spot investigations and surveys and made certain adjustments in accordance with the principles of equality, mutual benefit, friendship and mutual accommodation, hereby agree on the following alignment of the entire boundary line from west to east, Nepalese territory being south of the line and Chinese territory north thereof:

(1) The Nepalese-Chinese boundary line starts from the point where the watershed between the Kali River and the Tinkar River meets the watershed between the tributaries of the Karnali (Mapchu) River on the one hand and the Tinkar River on the other hand, thence it runs southeastwards along the watershed between the tributaries of the Karnali (Mapchu) River on the one hand and the Tinkar River and the Seti River on the other hand, passing through Lipudhura (Niumachisa) snowy mountain ridge and Lipudhura (Tinkarlipu) Pass to Urai (Pehlin) Pass.

(2) From Urai (Pehlin) Pass, the boundary line runs along the mountain ridge southeastwards for about 500 meters, then northeastwards to Height 5655 meters, thence continues to run along the mountain ridge northwestwards to Tharodhunga Tuppa (Tojang), then northeastwards passing through Height 5580.6 meters to Chimala Pass, thence it runs generally northwestwards, passing through Chimala to Numoche Tuppa (Lungmochiehkuo); thence the boundary line runs generally eastwards, passing through Kitko Tuppa (Paimowotunkuo) and then runs along Kitko (Chokartung) mountain spur down to the Yadangre (Chilungpa) stream, then it follows the Yadangre (Chilungpa) stream northwards to its junction with the Karnali (Mapchu) River, then it follows the Karnali (Mapchu) River generally eastwards to Hilsa (Yusa). At Hilsa (Yusa), the boundary line departs from the Karnali (Mapchu) River and runs northeastwards along the mountain spur up to Takule (Chialosa), then along the mountain ridge, passing through Kumalapche (Kumalatse), Ghanbochheko (Kangpaochekuo) and Manepamango (Mainipaimikuo) to Kangarje (Kangkuona), then northwards passing through Kandumbu (Kangchupeng) and Height 6550 meters to Nalakankar.

(3) From Nalakankar, the boundary line runs generally northeastwards along the watershed between the tributaries flowing into the Manasarowar Lake and the tributaries of the Humla Karnali River passing through Nalakankar Pass to Lapche (Latsela) Pass; thence it runs generally southeastwards along the watershed between the tributaries flowing into the Manasarowar Lake and the tributaries of the Machuan River on the one hand and the tributaries of the Humla Karnali River, the Mugu Karnali River and the Panjang Khola on the other hand, passing through Changla mountain, Namja Pass, Thau (Khung) Pass and Marem Pass to Pindu Pass, then it continues to run southeastwards along the watershed between the tributaries of the Machuan River on the one hand and the tributaries of the Barbung River and the Kali Gandaki River on the other hand gradually turning northeastwards to Height 6214.1 meters.

(4) From Height 6214.1 meters, the boundary line runs northeastwards along the mountain spur, passing through Height 5025 meters and crossing the Angarchhu (Angarchubo) stream to Height 5029 meters; thence it runs generally eastwards along Thukchu (Tuchu) mountain spur, passing through Height 4730 meters and Panglham (Bungla) to the foot of Tingli Bhodho spur at its northwestern end, then turns northeastwards and runs along the southern bank of the Rhamarchhushu (Roumachushui) seasonal stream to the foot of Tingli Bhodho spur at its northeastern end; thence turns southeastwards, crosses the junction of two seasonal streams flowing northwards, and runs to the junction of three seasonal streams flowing northwards, and then up the eastern stream of the above three seasonal streams to Height 4697.9 meters, then turns southwestwards crossing a seasonal stream to Height 4605.8 meters; thence it runs generally southeastwards passing through Phumphula (Pengpengla) and then along Chhukomapoj (Chukomaburi) mountain ridge, passing through Height 4676.6 meters and Height 4754.9 meters to Height 4798.6 meters, thence along the mountain ridge northeastwards passing through Hsiabala, then generally eastwards passing through Height 5044.1 meters to Chaklo.

(5) From Chaklo, the boundary line runs generally southwards along the watershed between the tributaries of the Yalu Tsangpo River and the tributaries of the Kali Gandaki River, passing through Height 6724 meters to Lugula Pass, thence it runs generally eastwards along Lugula snowy mountain and the watershed between the tributaries of the Yalu Tsangpo River and the tributaries of the Marshiyangdi River to Gyala (Gya) Pass.

(6) From Gyala (Gya) Pass, the boundary line runs along the mountain ridge eastwards to Height 5782 meters, then southeastwards to Lajing Pass, then it runs along Lajing mountain ridge, passing through Height 5442 meters and Lajung (Lachong) Pass to Height 5236 meters, then turns southwestwards to Sangmudo snowy mountain; thence generally southeastwards and continues to run along Lajing mountain ridge, passing through Height 6139 meters to Height 5494 meters, and then in a straight line crosses the Tom (Dougar) River to Height 5724 meters; thence the boundary line runs generally northeastwards along the snowy mountain ridge, passing through Height 6010 meters, Height 5360 meters and Height 5672 meters to Thaple Pass.

(7) From Thaple Pass, the boundary line runs generally northeastwards along the snowy mountain ridge, passing through Tsariyangkang snowy mountain to Khojan; thence it continues to run generally southwards along the snowy mountain ridge, passing through Mailatsaching Pass, Pashuo snowy mountain and Langpo snowy mountain to Yangra (Yangrenkangri) snowy mountain.

(8) From Yangra (Yangrenkangri) snowy mountain, the boundary line runs along the mountain ridge southwards to Tsalasungkuo and then generally eastwards and then northeastwards along a dry stream bed and passes through Kerabas (Jirapo) to reach the Sanjen (Sangching) River, then follows that river southeastwards, passes through its junction with the Bhryange (Changchieh) River and continues to follow the Sanjen (Sangching) River to a point where a small mountain spur south of Pangshung (Genjungma) pasture ground and north of Chhaharey pasture ground meets with the Sanjen (Sangching) River; then it runs along the above small mountain spur eastwards and then southeastwards to Height 4656.4 meters, then runs eastwards to the Black Top; thence it runs along a mountain spur to the junction of the Bhurlung River and the Khesadhang (Tanghsiaka) stream, then runs eastwards along the Bhurlung River to its junction with the Kyerong River; thence follows the Kyerong River southwards and then eastwards to its junction with the Lende (Tungling Tsangpo) River; then runs northeastwards up the Lende (Tungling Tsangpo) River, passing through Rasua Bridge to the junction of the Lende (Tungling Tsangpo) River and the Jambu (Guobashiachu) stream; thence turns eastwards up the Jambu (Guobashiachu) stream, passing through the junction of the Chusumdo Tsangpo River and the Phuriphu Tsangpo River, both the tributaries of the upper Jambu (Guobashiachu) stream, to reach the boundary marker point at Chusumdo.

(9) From the boundary marker point at Chusumdo, the boundary line runs generally southeastwards along the ridge of Seto Pokhari (Tsogakangri) snowy mountain, Langtang snowy mountain, Dorley mountain and Phurbo Chyachu (Gulinchin) mountain to Kharaney (Chakesumu) mountain; thence runs down to reach the Kharaney (Changnibachu) River

and then follows that river southwards to its junction with the Bhote Kosi (Bhochu) River; then follows the Bhote Kosi (Bhochu) River southwards, passing through Bhaise (Dalaima) Bridge to the junction of the Bhote Kosi (Bhochu) River and the Jum (Junchu) River; thence eastwards up the Jum (Junchu) River to its source at Jum Khola Ko Sir Ko Tuppa (Tsaje mountain); thence the boundary line runs generally northwards along the mountain ridge to Height 6208.8 meters (Chomo Pamari).

(10) From Height 6208.8 meters (Chomo Pamari), the boundary line runs generally northwards along the mountain ridge to Height 5914.8 meters, then generally northeastwards along Sudemo (Shondemo Kangri) snowy mountain passing through Height 5148 meters, and then crosses two tributaries of the Shongdemo (Shondemo Chu) stream, passing through Sudemo (Shondemo) which lies between the above two tributaries to Gyanbayan, then it runs along Gyanbayan mountain spur downwards, crosses the western tributary of the Lapche River (Pinbhu Tsangpo River), and then along the mountain spur up to Height 5370.5 meters at Korlang Pari Ko Tippa (Sebobori); thence the boundary line turns southeastwards along the mountain spur downwards, crosses the eastern tributary of the Lapche River (Lapche Khung Tsangpo River), then it runs along Piding (Bidin Kangri) snowy mountain to Height 5397.2 meters; thence the boundary line turns westwards along the mountain ridge to Height 5444.2 meters at Raling (Kabobori), then generally southwards along Rishinggumbo (Rasumkungpo) mountain ridge to Niule (Niehlu) Bridge.

(11) From Niule (Niehlu) Bridge, the boundary line runs generally eastwards to Gauri Shankar (Chejenma), and then eastwards along the mountain ridge and then northwards along the watershed between the Rongshar River and the Rongbuk River on the one hand and the tributaries of the Dudhkosi River on the other hand to Nangpa Pass, and then runs generally southeastwards along the mountain ridge, passing through Cho Oyu mountain, Gnire Langur (Pumoli mountain), Sagar Matha (Mount Jolmo Lungma) and Lhotse, to Makalu mountain; then runs southeastwards and then eastwards along the mountain ridge to Popti Pass.

(12) From Popti Pass, the boundary line runs along the mountain ridge eastwards passing through Kepu Dada (Tsagala) to Khade Dada (Kharala), and then generally northeastwards passing through Lhanakpu (Lanapo) and Chhipung (Chebum) to the source of the Shumjung (Sunchunchu) River; then it follows the Shumjung (Sunchunchu) River to its junction with the track leading from Kimathangka to Chentang, then it runs along the track to the bridge on the Kama (Karma Tsangpo) River; thence it runs generally southeastwards along the Kama (Karma Tsangpo) River passing through its junction with the Arun (Pengchu) River, and then along the Arun (Pengchu) River to its junction with the Nadang River, then continues to follow the Arun (Pengchu) River westwards to its junction with the Chhokang (Tsokangchingpo) River; thence the boundary line departs from the Arun (Pengchu) River and runs generally eastwards along a mountain spur passing through Angde and Tale (Dalai) Pass to Tale (Dalaila), and then runs along the mountain ridge passing through Dukan (Jungkan), Khachunkha (Kaijungkan), Relinbu (Renlangbu) and Sulula to reach Rakha (Ragla) Pass.

(13) From Rakha (Ragla) Pass, the boundary line runs generally eastwards along the watershed between the tributaries of the Nadang River and the tributaries of the Yaru River on the one hand and the tributaries of the Tamur River on the other hand, passing through Ombak (Ombola) Pass, Tiptala (Theputala) Pass, Kangla (Yangmakhangla) Pass and Chabukla to the terminal point where the watershed between the Khar River and the Chabuk River meets the watershed between the Khar River and the Lhonak River.

The entire boundary line between the two countries as described in the present Article is shown on the 1:500,000 maps of the entire boundary attached to the present Treaty; the location of the temporary boundary markers erected by both sides and the detailed alignment of certain sections of the boundary are shown on the 1:50,000 maps of those sections attached to the present Treaty.

### Article II

The Contracting Parties have agreed that wherever the boundary follows a river, the midstream line shall be the boundary. In case a boundary river changes its course, the original line of the boundary shall remain unchanged in the absence of other agreements between the two Parties.

### Article III

After the signing of the present Treaty, the Nepalese-Chinese Joint Boundary Committee constituted in pursuance of the Agreement of March 21, 1960 between the two Parties on the question of the boundary between the two countries shall set up permanent boundary markers as necessary on the boundary line between the two countries, and then draft a protocol setting forth in detail the alignment of the entire boundary line and the location of the permanent boundary markers, with detailed maps attached thereto showing the boundary line and the location of the permanent boundary markers. The above-mentioned protocol, upon being signed by the Governments of the two countries, shall become an annex to the present Treaty and the detailed maps shall replace the maps now attached to the present Treaty.

Upon the signing of the above-mentioned protocol, the tasks of the Nepalese-Chinese Joint Boundary Committee shall be terminated, and the Agreement of March 21, 1960 between the two Parties on the question of the boundary between the two countries shall cease to be in force.

### Article IV

The Contracting Parties have agreed that any dispute concerning the boundary which may arise after the formal delimitation of the boundary between the two countries shall be settled by the two Parties through friendly consultations.

### Article V

The present Treaty shall come into force on the day of the signing of the Treaty.

Done in duplicate in Peking on October 5 , 1961, in the Nepalese, Chinese and English languages, all three texts being equally authentic.

His Majesty the King of Nepal

**Mahendra Bir Bikram Shah Deva**
(Signed)

Chairman of the People's Republic of China

**Liu Shao-chi**
(Signed)